

# भर्ना नीतिमा परिवर्तन

## परिवारहरूको लागि जानकारी

## सार्वजनिक शिक्षा किन रोज्ने?

NSW सार्वजनिक शिक्षा प्रणालीले सबै विद्यार्थीहरूलाई विश्वस्तरीय शिक्षा प्रदान गर्दछ, आजका बच्चाहरूलाई सफल हुन र भोलिका लागि राम्रो समुदायहरू निर्माण गर्न तयार गर्दछ। विज्ञान, प्रविधि, इन्जिनियरिङ, गणित, कला, खेल र त्यसभन्दा बाहिरका समग्र, उच्च - गुणस्तरका शैक्षिक प्रस्तावहरू र बेजोड सह-पाठ्यक्रमका अवसरहरूको साथ, हाम्रा विविध र समावेशी सार्वजनिक विद्यालयहरूले प्रत्येक विद्यार्थीलाई उनीहरूको पूर्ण क्षमतामा पुग्न सहयोग गर्छन्।

## भर्ना नीति के हो?

भर्ना नीतिले विद्यालयहरूलाई शिक्षा ऐन (Education Act 1990) अन्तर्गत उनीहरूको दायित्वहरू पूरा गर्न मद्दत गर्दछ, जसले सबै विद्यार्थीहरूलाई उनीहरूको स्थानीय सार्वजनिक विद्यालयमा पहुँच सुनिश्चित गर्दछ। यस नीतिले NSW का सार्वजनिक स्कूलहरूमा भर्ना कसरी व्यवस्थापन गरिन्छ भन्नेबारे कर्मचारी र समुदायलाई स्पष्ट जानकारी पनि प्रदान गर्दछ।

## नीति किन परिवर्तन हुँदैछ?

NSW शिक्षा विभागले हालको भर्ना नीतिमा शिक्षा साझेदारहरू, सामुदायिक समूहहरू र स्कूल नेतृत्व टोलीहरूसँग परामर्श गरेको छ। हामीले NSW सार्वजनिक विद्यालयहरूमा भर्ना गर्ने प्रयास गर्दा परिवारहरूले सामना गर्ने अवरोधहरूलाई सम्बोधन गर्ने सम्वन्धमा महत्त्वपूर्ण प्रतिक्रिया प्राप्त गर्यौं। अद्यावधिक भर्ना नीतिले यी अवरोधहरूलाई सम्बोधन गर्दछ र समतामूलक र पहुँचयोग्य सार्वजनिक विद्यालय प्रणाली निर्माण गर्ने र दिगो बनाउने विभागको प्रतिबद्धतासँग मेल खान्छ।

## परिवर्तनहरू के के हुन्?

निम्न परिवर्तनहरू टर्म 1 2025 मा सुरु हुने सबै भर्नाहरूमा लागू हुनेछन्।

### अस्थायी बासिन्दाहरू

अस्थायी बासिन्दा भिसामा रहेका सबै विद्यार्थीहरूले अब आफ्नो आवासीय ठेगानाको आधारमा आफ्नो स्थानीय विद्यालयमा भर्ना हुन सक्नेछन्।

अस्थायी सीप अभाव भिसा (सबक्लास 482) को क्षेत्रीय धारक भएका परिवारहरूको लागि भर्ना शुल्क माफ गरिनेछ, अर्थात् ठूलो सिड्नी र वोलोन्गोंगबाहिर बस्नेहरूको लागि।

### गैर-स्थानीय बासिन्दा भर्नाको लागि अद्यावधिक गरिएको मापदण्ड

NSW सार्वजनिक विद्यालयहरूमा विशेष स्थानीय बासिन्दा भर्ना क्षेत्रहरू छन्। तोकिएका भर्ना (इन्टेक) क्षेत्रहरू विभागद्वारा निर्धारण गरिन्छ। यी विद्यालयहरूले उनीहरूको स्थानीय भर्ना क्षेत्रमा बसोबास गर्ने विद्यार्थीहरूको लागि पर्याप्त ठाउँहरू सुनिश्चित गर्छन्। यदि स्थानहरू उपलब्ध छन् भने तपाईंले आफ्नो तोकिएको क्षेत्रबाहिर आफ्नो बच्चालाई 'गैर-स्थानीय भर्ना' को रूपमा भर्ना गर्न आवेदन दिन सक्नुहुन्छ।

अद्यावधिक मापदण्डले हाल भर्ना भएका विद्यार्थीहरूका भाइबहिनीहरूका लागि गैर-स्थानीय भर्नाहरूलाई प्राथमिकता दिन्छ, जसमा योग्य मूलधारका विद्यालयहरूमा सहायता कक्षाहरूमा भर्ना भएका भाइबहिनीहरूलाई प्राथमिकता दिइन्छ।

अद्यावधिक मापदण्ड अन्तर्गत, विद्यालयहरूले अब विद्यालय कर्मचारीका बच्चाहरूको लागि गैर-स्थानीय भर्नाहरूलाई पनि विचार गर्न सक्छन्।



NSW GOVERNMENT

## बारम्बार सोधिने प्रश्नहरू

### के यी परिवर्तनहरू मेरो बच्चामा लागू हुन्छन्?

NSW सार्वजनिक स्कूलहरूका भर्नामा हुने परिवर्तनहरू तपाईंसँग सम्बन्धित छन् यदि:

- तपाईंको बच्चा स्कूल जाने उमेरको छ र अस्थायी बासिन्दा भिसामा छ, वा
- तपाईंको बच्चा स्कूल जाने उमेरको छ र हाल एक फरक NSW सार्वजनिक स्कूलमा भर्ना भएका भाइबहिनी छन् र तपाईं उनीहरूलाई एउटै स्कूलमा पठाउन चाहनुहुन्छ। तपाईंको बच्चाको भर्ना स्वीकार गर्ने विद्यालयको क्षमता तिनीहरूको क्षमता र योग्यता मापदण्डमा निर्भर गर्दछ।
- तपाईं आफ्नो बच्चाको तोकिएको इन्टेक क्षेत्रबाहिर NSW सार्वजनिक स्कूलमा स्टाफ सदस्य हुनुहुन्छ। तपाईंको बच्चाको भर्ना स्वीकार गर्ने विद्यालयको क्षमता तिनीहरूको क्षमता र योग्यता मापदण्डमा निर्भर गर्दछ।

### के प्रत्येक विद्यालयले यी परिवर्तनहरू लागू गर्न आवश्यक छ?

सबै विद्यालयहरूले अस्थायी बासिन्दा भिसाका विद्यार्थीहरूको लागि परिवर्तनहरू लागू गर्न आवश्यक छ।

धेरैजसो विद्यालयहरूले, तिनीहरूको क्षमताको आधारमा, टर्म 1, 2025 को लागि भर्ना हुने विद्यार्थीहरूको लागि गैर-स्थानीय भर्नाका परिवर्तनहरू लागू गर्न आवश्यक छ।

अस्थायी बासिन्दा विद्यार्थीहरू र गैर-स्थानीय विद्यार्थीहरूका लागि भर्ना नीति परिवर्तनले विशेषज्ञ सेटिङहरू वा कार्यक्रमहरूका लागि योग्यता आवश्यकताहरूलाई असर गर्ने छैन। पूर्णरूपमा चयन गरिएका विद्यालयहरू, विशेष उद्देश्यका विद्यालयहरू (schools for specific purposes (SSPs)), दूर शिक्षा विद्यालयहरू, र विशिष्ट योग्यता आवश्यकताहरू (उदाहरणका लागि, अवसर कक्षाहरू, विशेषज्ञ खेलकुद र/वा भिजुअल आर्ट स्ट्रिमहरू) भएका कक्षाहरू वा कार्यक्रमहरू भएका विद्यालयहरूले उनीहरूको हालको भर्ना प्रक्रिया जारी राख्नेछन्।

एकल-लिङ्गी विद्यालयहरूले भर्ना हुने बच्चाले त्यो लिङ्गीको लागि विद्यालयको योग्यता आवश्यकता पूरा गरेमा सो परिवर्तनहरू लागू गर्नुपर्दछ। यी परिवर्तनहरू कसरी लागू हुन्छन् भनेर सोध्न सम्बन्धित विद्यालयलाई सम्पर्क गर्नुहोस्।

### यदि मेरो बच्चा हाल भर्ना भएका विद्यार्थीको भाइबहिनी हो भने, के गैर-स्थानीय भर्नाको लागि तिनीहरूको आवेदन स्वतः स्वीकार गरिनेछ?

यी परिवर्तनहरूले तपाईंको बच्चालाई उनीहरूको भाइबहिनीको रूपमा समान गैर-स्थानीय सार्वजनिक विद्यालयमा भर्ना गर्ने ग्यारेन्टी दिँदैन। विद्यालयहरूले हाल भर्ना भएका विद्यार्थीहरूका भाइबहिनीहरूका लागि गैर-स्थानीय भर्नाहरूलाई प्राथमिकता दिनेछन्, तर उनीहरूको आवेदनको स्वीकृति विद्यालयको क्षमतामा निर्भर हुन सक्छ। थप जानकारीको लागि सम्बन्धित विद्यालयमा सम्पर्क गर्नुहोस्।

### के यसको मतलब अबदेखि भाइबहिनीहरूलाई मात्र गैर-स्थानीय भर्नाको रूपमा स्वीकार गरिनेछ?

होइन, यदि बच्चा स्कूल जान योग्य छ र स्कूलले बच्चालाई समायोजन गर्न सक्छ भने तपाईंले अब पनि आफ्नो बच्चालाई कुनै पनि सार्वजनिक विद्यालयमा भर्ना गर्न आवेदन दिन सक्नुहुन्छ। विद्यालयहरूले अब अद्यावधिक गैर-स्थानीय भर्ना मापदण्डहरू (विद्यार्थीको भलाईको आवश्यकतासँग सम्बन्धित मापदण्डहरू सहित) विरुद्ध आवेदनहरूलाई प्राथमिकता दिनुपर्छ र विचार गर्नुपर्छ, जसले हाल भर्ना भएका विद्यार्थीहरूका भाइबहिनीहरूलाई प्राथमिकता दिन्छ र स्कूल स्टाफका बच्चाहरूलाई विचार गर्दछ।

### के स्कूल कर्मचारीका बच्चाहरूको लागि गैर-स्थानीय भर्नाहरू स्वतः स्वीकार गरिनेछ?

होइन। विद्यालयहरूले हाल भर्ना भएका विद्यार्थीहरूका भाइबहिनीहरूका लागि गैर-स्थानीय आवेदनहरूलाई प्राथमिकता दिनेछन्, र त्यसपछि विद्यालय कर्मचारीका बच्चाहरूका लागि गैर-स्थानीय भर्नाहरू विचार गर्न सक्नेछन्। यदि तपाईं स्कूल स्टाफ सदस्य हुनुहुन्छ भने, तपाईंको बच्चाको स्वीकृति स्कूलको क्षमतामा निर्भर हुन सक्छ। अद्यावधिक गरिएको गैर-स्थानीय भर्ना मापदण्डले तपाईंको बच्चाको उनीहरूको स्थानीय विद्यालयमा भर्ना हुने अधिकारलाई असर गर्दैन।

## अस्थायी बासिन्दा भिसामा विद्यार्थीहरूको भर्ना

**मेरो बच्चा अस्थायी बासिन्दा भिसामा छ। मैले पहिले उनीहरूको स्थानीय विद्यालयमा भर्ना हुन आवेदन दिएको थिएँ तर आवेदन अस्वीकृत भयो। के म मेरो बच्चाको भर्ना आवेदन फेरि पेश गर्न सक्छु?**

यदि तपाईंको बच्चा अस्थायी बासिन्दा भिसामा छ र तपाईंको स्थानीय विद्यालयमा तिनीहरूको अघिल्लो आवेदन अस्वीकृत भयो भने तपाईंले आफ्नो भर्ना आवेदन पुनः पेश गर्न सक्नुहुन्छ। कृपया तलको खण्डमा उल्लिखित चरणहरू पछ्याउनुहोस् "मैले मेरो बच्चालाई 2025 को लागि भर्ना गरेको ठाउँबाट कसरी परिवर्तन गर्ने?"

**मेरो बच्चा अस्थायी बासिन्दा भिसामा छ र मैले मेरो बच्चालाई 2025 को लागि एउटा स्कूलमा भर्ना गरिसकेको छु। के मैले मेरो बच्चालाई भर्ना गरेको ठाउँबाट परिवर्तन गर्न सक्छु?**

यदि तपाईंको बच्चा अस्थायी बासिन्दा भिसामा छ र 2025 को लागि स्कूलमा भर्ना भइसकेको छ भने, तपाईं तिनीहरू हाल भर्ना भएको ठाउँमा परिवर्तन गर्न आवेदन दिन सक्नुहुन्छ। कृपया तलको खण्डमा उल्लिखित चरणहरू पछ्याउनुहोस् "मैले मेरो बच्चालाई 2025 को लागि भर्ना गरेको ठाउँ कसरी परिवर्तन गर्ने?"

**मैले मेरो बच्चालाई 2025 को लागि भर्ना गरेको ठाउँमा म कसरी परिवर्तन गर्न सक्छु?**

अस्थायी निवासी भिसामा रहेका विद्यार्थीहरूका अभिभावक वा हेरचाहकर्ताहरूले उनीहरूको स्थानीय विद्यालयमा भर्ना परिवर्तन गर्न यी चरणहरू पालना गर्न आवश्यक छ:

1. अस्थायी बासिन्दा कार्यक्रम टोलीलाई 1300 300 229 (विकल्प 1) मा फोन गरेर वा आफ्नो बच्चाको लागि स्कूल परिवर्तनको अनुरोध गर्न tempvisa@det.nsw.edu.au मा इमेल गरेर सम्पर्क गर्नुहोस्। तपाईंको बच्चाको लागि स्कूल स्थानान्तरण पूरा भएपछि अस्थायी बासिन्दा कार्यक्रम टोलीले तपाईंलाई सूचित गर्नेछ।
2. आफ्नो बच्चा भर्ना गर्न आफ्नो स्थानीय विद्यालयमा सम्पर्क गर्नुहोस्। स्कूलले तपाईंलाई एक कागजी आवेदन फाराम प्रदान गर्नेछ जुन तपाईंले भर्ना हुनको लागि पूरा गर्न आवश्यक छ। education.nsw.gov.au/find-a-public-school मा तपाईंको स्थानीय विद्यालय सम्पर्क विवरणहरू फेला पार्नुहोस्

**मेरो बच्चा 482 भिसा बाहेक अन्य भिसाको अस्थायी बासिन्दा हो। के मैले भर्ना शुल्क तिर्नु पर्छ?**

सरकारी विद्यालयमा भर्ना हुनको लागि अस्थायी निवासी आवेदन शुल्क र शिक्षण शुल्क सामान्यतया विद्यार्थीसँग भएको भिसा उपवर्ग प्रयोग गरेर गणना गरिन्छ। तपाईंको भिसा उपवर्गमा लागू हुने शुल्कहरूको बारेमा विस्तृत जानकारीको लागि, कृपया DE International वेबसाइट: deinternational.nsw.edu.au/study-options/study-programs/temporary-residents हेर्नुहोस्। यदि तपाईं अझै शुल्क माफी तपाईंलाई लागू हुन्छ कि हुँदैन भन्नेबारे पक्का हुनुहुन्न भने, तपाईंले अस्थायी बासिन्दा कार्यक्रम टोलीलाई tempvisa@det.nsw.edu.au मा सम्पर्क गर्न सक्नुहुन्छ।

# गैर-स्थानीय भाइबहिनीहरूको भर्ना

**मैले मेरो बच्चालाई उनीहरूको भाइबहिनी उपस्थित हुने विद्यालयमा भर्ना गर्न आवेदन दिएँ तर उनीहरूको आवेदन अस्वीकार गरियो। के म मेरो बच्चाको भर्ना आवेदन फेरि पेश गर्न सक्छु?**

यदि तपाईंले आफ्नो बच्चालाई उनीहरूको भाइबहिनीको गैर-स्थानीय विद्यालयमा भर्ना गर्न आवेदन दिनुभएको छ र आवेदन अस्वीकार गरिएको थियो भने, कृपया तलको खण्ड "मैले मेरो बच्चालाई 2025को लागि भर्ना गरेको ठाउँमा कसरी परिवर्तन गर्ने?" मा उल्लिखित चरणहरू पछ्याउनुहोस् र पुन: पेश गर्नुहोस्।

**मैले मेरो बच्चालाई 2025 को लागि एउटा विद्यालयमा भर्ना गरें , तर उनीहरूको भाइबहिनी फरक गैर-स्थानीय विद्यालयमा भर्ना भएका छन्। के म तिनीहरू भर्ना भएको ठाउँमा परिवर्तन गर्न आवेदन दिन सक्छु?**

यदि तपाईं 2025 को लागि तपाईंको बच्चा भर्ना भएको विद्यालयलाई उनीहरूको भाइबहिनीले हाल पढिरहेको उही गैर-स्थानीय विद्यालयमा परिवर्तन गर्न चाहनुहुन्छ भने, कृपया तलको खण्डमा उल्लिखित चरणहरू पछ्याउनुहोस् "मैले जहाँ मेरो बच्चालाई 2025को लागि भर्ना गरेको छु त्यसलाई म कसरी परिवर्तन गर्न सक्छु?"

**मैले मेरो बच्चालाई 2025 को लागि भर्ना गरेको ठाउँमा म कसरी परिवर्तन गर्न सक्छु?**

आमाबाबु वा हेरचाहकर्ताहरू जसले आफ्नो बच्चालाई उनीहरूको भाइबहिनीले अध्यन गरेको  गैर-स्थानीय विद्यालयमा भर्ना गर्न चाहन्छन्, उनीहरूको भर्ना परिवर्तन गर्न यी चरणहरू अनुसरण गर्न आवश्यक छ:

## अनलाइन भर्ना आवेदनहरू

1. तपाईंले भर्नाको लागि आवेदन दिन चाहनु भएको विद्यालयको वेबसाइटमा जानुहोस्, त्यसपछि मेनु विकल्पहरूमा भर्ना क्लिक गर्नुहोस्।
2. भर्ना वेबपृष्ठमा, कसरी भर्ना गर्ने शीर्षकअन्तर्गत अनलाइन भर्ना आवेदनको लिङ्कमा क्लिक गर्नुहोस्।
3. तपाईंले भर्ना हुनको लागि आफ्नो आवेदन पेश गरिसकेपछि, स्कूलले तपाईंलाई एउटा प्रस्ताव दिन सक्छ जुन तपाईंले 14 दिन भित्र स्वीकार गर्न आवश्यक हुनेछ।
4. यदि तपाईंको आवेदन स्वीकार गरिएमा, पहिलाको भर्ना फिर्ता लिन तपाईंको बच्चा पहिले 2025 को लागि भर्ना भएको विद्यालयमा सम्पर्क गर्नुहोस्।

## कागजी फाराम आवेदनहरू

1. तपाईंको बच्चालाई समायोजन गर्न सक्षम छन् कि छैनन् भनेर पत्ता लगाउन तपाईंको बच्चाको भाइबहिनीको स्कूलमा सम्पर्क गर्नुहोस्।
2. यदि विद्यालयले तपाईंको बच्चालाई समायोजन गर्न सक्छ भने, नयाँ कागजी आवेदन फाराम भर्नुहोस्, जुन विद्यालयले प्रदान गर्न सक्छ।
3. तपाईंले भर्ना हुनको लागि आफ्नो आवेदन पेश गरिसकेपछि, स्कूलले तपाईंलाई एउटा प्रस्ताव दिन सक्छ जुन तपाईंले 14 दिनभित्र स्वीकार गर्न आवश्यक हुनेछ।
4. यदि तपाईंको आवेदन स्वीकार गरिएमा, पहिलाको भर्ना फिर्ता लिन तपाईंको बच्चा पहिले 2025 को लागि भर्ना भएको विद्यालयमा सम्पर्क गर्नुहोस्।

**मैले 2025 मा वर्ष ६ वाट ७  मा सार्नको  लागि अभिरुचि अभिव्यक्ति (Expression of Interest (EOI)) पेश गरेकोछु।  के मैले मेरो बच्चालाई भर्ना गरेको ठाउँबाट परिवर्तन गर्न सक्छु?**

वर्ष ६ देखि ७ को परिवर्तनको EOI बन्द भएको छ र त्यसैले आमाबाबु र हेरचाहकर्ताहरूले अब 2025को लागि आफ्नो स्कूल प्राथमिकता सूचीमा परिवर्तन गर्न सक्दैनन्।

यदि तपाईं आफ्नो बच्चालाई 2025 को लागि भर्ना गरेको विद्यालयबाट उही गैर-स्थानीय विद्यालयमा परिवर्तन गर्न चाहनुहुन्छ जहाँ उनीहरूका भाइबहिनी अध्यन गरिरहेका छन् भने, तपाईंले निम्न चरणहरू पालना गर्नुपर्छ:

## अनलाइन भर्ना आवेदनहरू

1. तपाईंले भर्नाको लागि आवेदन दिन चाहनु भएको विद्यालयको वेबसाइटमा जानुहोस्, त्यसपछि मेनु विकल्पहरूमा भर्ना क्लिक गर्नुहोस्।
2. भर्ना वेबपृष्ठमा, कसरी भर्ना गर्ने शीर्षकअन्तर्गत अनलाइन भर्ना आवेदनको लिङ्कमा क्लिक गर्नुहोस्।
3. तपाईंले भर्ना हुनको लागि आफ्नो आवेदन पेश गरिसकेपछि, स्कूलले तपाईंलाई एउटा प्रस्ताव दिन सक्छ जुन तपाईंले 14 दिन भित्र स्वीकार गर्न आवश्यक हुनेछ।
4. यदि तपाईंको आवेदन स्वीकार गरिएमा, पहिलाको भर्ना फिर्ता लिन तपाईंको बच्चा पहिले 2025 को लागि भर्ना भएको विद्यालयमा सम्पर्क गर्नुहोस्।

## कागजी फाराम आवेदनहरू

1. तपाईंको बच्चालाई समायोजन गर्न सक्षम छन् कि छैनन् भनेर पत्ता लगाउन तपाईंको बच्चाको भाइबहिनीको स्कूलमा सम्पर्क गर्नुहोस्। विद्यालयको सम्पर्क यहाँ फेला पार्नुहोस्: education.nsw.gov.au/find-a-public-school।
2. यदि विद्यालयले तपाईंको बच्चालाई समायोजन गर्न सक्छ भने, नयाँ कागजी आवेदन फाराम भर्नुहोस्, जुन विद्यालयले प्रदान गर्न सक्छ।
3. तपाईंले भर्ना हुनको लागि आफ्नो आवेदन पेश गरिसकेपछि, स्कूलले तपाईंलाई एउटा प्रस्ताव दिन सक्छ जुन तपाईंले 14 दिनभित्र वा जतिसक्दो छिटो स्वीकार गर्न आवश्यक हुनेछ।
4. यदि तपाईंको आवेदन स्वीकार गरिएमा र तपाईंले पहिले नै आफ्नो EOI प्रस्ताव स्वीकार गर्नुभएको छ भने, कृपया भर्ना फिर्ता लिनको लागि स्कूललाई सिधै सम्पर्क गर्नुहोस्।

# विद्यालय कर्मचारीका गैर-स्थानीय बच्चाहरूको भर्ना

**मैले मेरो बच्चालाई मैले काम गर्ने विद्यालयमा भर्ना गर्न आवेदन दिएँ, तर उनीहरूको आवेदन अस्वीकृत भयो। के म मेरो बच्चाको भर्ना आवेदन फेरि पेश गर्न सक्छु?**

यदि तपाईंले आफ्नो बच्चालाई तपाईंले काम गर्ने विद्यालयमा भर्ना गर्न आवेदन दिनुभएको छ र आवेदन अस्वीकृत भएको छ भने, तपाईंले पुन: पेश गर्न सक्नुहुन्छ। त्यसो गर्न, कृपया माथिको खण्डमा उल्लिखित चरणहरू पालना गर्नुहोस् " मैले जहाँ मेरो बच्चालाई 2025 को लागि भर्ना गरेको छु त्यसलाई म कसरी परिवर्तन गर्न सक्छु?"।

## मैले थप जानकारी कहाँबाट प्राप्त गर्न सक्छु?

**भर्ना सोधपुछको लागि, आफ्नो रोजाइको विद्यालयसँग कुरा गर्नुहोस्। विद्यालयको सम्पर्क यहाँ फेला पार्नुहोस्: education.nsw.gov.au/find-a-public-school**

**NSW सरकारी विद्यालयमा कसरी भर्ना गर्ने भन्नेबारे थप जानकारीको लागि: education.nsw.gov.au/enrolment**

**अस्थायी बासिन्दाको रूपमा NSW सरकारी विद्यालयमा कसरी भर्ना गर्ने भन्नेबारे थप जानकारीको लागि: https://www.deinternational.nsw.edu.au/**

**सामान्य भर्ना सोधपुछको लागि, शिक्षा विभागको मुख्य कार्यालयमा सम्पर्क गर्नुहोस्: 1300 679 332**

**टेलिफोन दोभाषे सेवा**

यदि तपाईंलाई स्कूल वा शिक्षा विभागमा सम्पर्क गर्न मद्दत गर्न दोभाषे चाहिन्छ भने, कृपया टेलिफोन दोभाषे सेवालाई 13 14 50 मा फोन गर्नुहोस् र आफ्नो भाषामा दोभाषे माग्नुहोस्। अपरेटरलाई तपाईंले फोन गर्न चाहेको फोन नम्बर बताउनुहोस् र अपरेटरले तपाईंलाई कुराकानीमा सहयोग गर्न लाइनमा दोभाषे प्रदान गर्नेछ। तपाईंलाई यो सेवाको लागि शुल्क लाग्ने छैन।